सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

**आदेश**

०७९-WH-०२१८

विषयः- बन्दीप्रत्यक्षीकरण।

मेनेजर शाहको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १८ मा घर भई ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २ कुपण्डोल बस्ने हाल कारागार कार्यालय, डिल्लिबजारमा रहेका अवधलाल शाह...............१ — निवेदक

विरुद्ध

प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज काठमाडौं..........१
जिल्ला सरकारी वकीलको कार्यालय, काठमाडौं, बबरमहल काठमाडौं..............१ — विपक्षी
काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं........................................१

नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

संक्षिप्त तथ्य

१. म निवेदक अवधलाल शाह र मेरो छोरा आकाशलाल आनन्दसमेतले सरकारी कागज कीर्ते गरी झुट्टा विवरण उल्लेख गरी नागरिकता तथा राहदानी बनाएको भन्ने आरोपमा मिति २०७६।९।१५ गते पक्राउ गरी मुद्दा अनुसन्धानको नाउँमा निरन्तर हिरासतमा राख्दै मिति २०७६।१०।१२ गते मसमेतको विरुद्धमा जिल्ला अदालतसमक्ष नागरिकता सम्बन्धी कसूर, लिखत सम्बन्धी कसूर र राहदानी सम्बन्धी कसूरको मुद्दामा अभियोगपत्र दायर भएको छ। म विरुद्ध दायर गरिएको अभियोगमा विपक्षी काठमाडौं जिल्ला अदालतबाट थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी मिति २०७६।१०।१५ मा भएको आदेशानुसार म निवेदक आजको मितिसम्म गरी ३ वर्ष ३ महिनाभन्दा बढी

समयदेखि मुद्दा अनुसन्धान र पुर्पक्षको लागि थुनामा राखिँदै आएको छु। म विरुद्धको मुद्दामा विपक्षी जिल्ला अदालतले कानूनले निर्धारण गरेको समयावधिभित्रमा फैसला नै नगरी मलाई हुन सक्ने सजायभन्दा बढी समय व्यतित भैसक्दा पनि म विरुद्धको मुद्दामा कुनै परिणाममुखी कारबाही नै नगरी मलाई मुद्दा पुर्पक्षको नाउँमा अनिश्चित कालसम्म थुनामा राख्ने गरी भैरहेको कार्य संविधान प्रदत्त स्वच्छ सुनवाई विपरीत गैर कानूनी रहेको छ। उक्त कार्यले नेपालको संविधानको धारा १७(१) द्वारा प्रदत्त हक, धारा २०(९) द्वारा प्रदत्त हकमा आघात पुग्न गई मलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ५७, ७७, ७८, ९८ र १३१ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २३ र केहि नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) र(ग) ले गरेको कानुनी प्रावधान तथा ने.का.प. २०७५, नि. नं. १०१०८ विपरीत गैरकानूनी थुनाबाट मलाई मुक्त गर्ने गरी विपक्षीहरुको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाँउ भन्ने बेहोराको निवेदक अवधलाल शाहले यस अदालतमा पेश गरेको निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनुनपर्ने हो? मागबमोजिमको आदेश जारी हुनुनपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटोका म्यादबाहेक ३ (तिन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू। साथै यिनै निवेदक अवधलाल शाह प्रतिवादी भई काठमाडौं जिल्ला अदालतमा चलिरहेको ०७६-०१-१२८४ को नागरिकता सम्बन्धी कसूर, लिखत सम्बन्धी कसूर र राहदानी सम्बन्धी कसूर मुद्दाको सक्कल मिसिल पेशीको दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी तहाँ अदालतबाट झिकाई नियमानुसार पेश गर्नू भनी यस अदालतबाट मिति २०८०।१।२४ मा भएको आदेश।

३. विपक्षी रिट निवेदक अवधलाल शाहले जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट फरक फरक मितिमा एकै व्यक्तिको नाममा अंगिकृत र वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्रहरु लिई सोही नागरिकताको प्रमाणपत्रहरुको आधारमा फरकफरक मितिमा फरकफरक राहदानी बनाई नक्कली नागरिकता र राहदानीको आधारमा गैह्र कानूनी तवरले अबैध कारोवार गरेको भन्ने सूचनाको आधारमा मिति २०७६।०९।१५ गते निजको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २, गुसिंगालस्थित घर कोठा खानतलासी गर्दा निजले झुठ्ठा विवरण पेश गरी प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र, राहदानी तथा विदेशी मुद्रासमेत बरामद भएको घटनाको अनुसन्धानको लागि तत्काल निज रिट निवेदकलाई कानूनबमोजिम पक्राउ गरी प्राप्त हुन

आएको प्रहरी प्रतिवेदनको आधारमा यस ब्यूरोको कसूर दर्ता किताबमा आ.व. २०७६।०७७, मुद्दा दर्ता नं. १९ मा लिखत सम्बन्धी कसूर शीर्षकमा मुद्दा दर्ता गरिएको हो। निज रिट निवेदकलाई प्रहरी हिरासतमा राखी लिखत सम्बन्धी कसूरमा अनुसन्धान गर्न मिति २०७६।०९।१६ गते सम्मानित काठमाडौं जिल्ला अदालतबाट निज रिट निवेदक पक्राउ परेको मिति २०७६।०९।१५ गते बाटै लागू हुने गरी पटकपटक म्याद थप गरी प्रहरी हिरासतमा राखी अनुसन्धान कार्य सम्पन्न भए पश्चात जिल्ला सरकारी वकील कार्यालय, बबरमहल, काठमाडौंमार्फत मिति २०७६।१०।१२ गते सम्मानित काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र पेश भई सम्मानित काठमाडौं जिल्ला अदालतको मिति २०७६।१०।१५ गतेको आदेशले निज रिट निवेदकलाई पुर्पक्षको लागि कारागार कार्यालय, डिल्लीबजार, काठमाडौं थुनामा राख्न पठाईएको भन्ने व्यहोराको नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो महाराजगञ्ज काठमाडौंको तर्फबाट यस अदालतमा दिएको लिखितजवाफ।

४. प्रस्तुत रिट निवेदनका निवेदकका विरुद्ध मिति २०७६।१०।१२ मा नागरिकता सम्बन्धी कसूर, लिखत सम्बन्धी कसूर र राहदानी सम्बन्धी कसूरमा काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र पेश भएको भन्ने निवेदन बेहोरामा नै उल्लेख भएको र सोही मुद्दाको पुर्पक्षका लागि मुद्दा हेर्ने अदालतको आदेशले निज थुनामा रहेको हुनाले यसरी मुद्दा हेर्ने साधिकार निकायबाट भएको आदेशबमोजिम थुनामा रहेका प्रतिवादीको थुना गैरकानूनी नभएको हुँदा प्रथम दृष्टिमै प्रस्तुत रिट निवेदन खारेज भागी भएको, प्रस्तुत रिट निवेदनका सन्दर्भमा "मातहतका अदालतले साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाका सन्दर्भमा गरेका निर्णय वा आदेशअनुसार थुना वा कैदमा परेका विषयलाई लिएर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु न्यायिक मान्यता वा परिपाटीअनुकूल नहुने" भनी बन्दी प्रत्यक्षीकरणकै (०७७-WH-००७९) निवेदनमा नि.नं. १०६३३ मा सम्मानित सर्वोच्च अदालतबाट आदेश भएको हुँदा निवेदकको संवैधानिक तथा कानूनी हक हनन हुने कार्य यस कार्यालयबाट नभएको रिट निवेदन तथ्यपरक नहुँदा खारेज गरिपाँउ भनी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको तर्फबाट यस अदालतमा परेको लिखितजवाफ।

५. यसमा यी निवेदक अवधलाल शाहका विरुद्ध तत्कालिन मुलुकी ऐन किर्ते कागजको महलको १ नं. विरुद्धको कसूर कसूरमा सोहि महलको ७ नं. ९ नं. र १२ नं. बमोजिम सजाय गरिपाउन तथा नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा १ बमोजिमको कसूरमा सोही ऐनको दफा २१ को उपदफा १ बमोजिम सजाय गरिपाउन र राहदानी ऐन, २०२४ को दफा ५ को देहाय (ख) बमोजिमको कसूरमा सोही ऐनको दफा ५ देहाय (ख) बमोजिम सजाय गरी सोही ऐनको दफा ४ को उपदफा २ बमोजिम

निजको राहदानी रद्ध गरिपाँउ भन्नेसमेतको ब्यहोराको अभियोग मागदावी रही ०७६-CI-१२८४ नं. को नागरिकता सम्बन्धि कसूर, लिखत सम्बन्धी कसूर र राहदानी सम्बन्धी कसूर मुद्दा हाल यस अदालतमा विचाराधीन अवस्थामा रहेको छ। यी निवेदक अवधलाल शाहसमेत प्रतिवादी रहेको उल्लेखित मुद्दामा यस अदालतबाट मिति २०७६।१०।१५ मा आदेश हुँदा निज निवेदक अवधलाल शाहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) (ख) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी भएको आदेशबमोजिम निजलाई मुद्दा पुर्पक्षको लागि थुनामा पठाइएको थियो। तसर्थ, उल्लेखित मुद्दामा यस अदालतबाट मिति २०७६।१०।१५ मा भएको आदेशानुसार यी प्रतिवादी अवधलाल शाह थुनामा रहेको तथा हाल उक्त मुद्दा विचाराधीन अवस्थामै रहेको हुँदा यस अदालतबाट निज निवेदकको कानून प्रदत्त अधिकारमा आघात पुग्ने अवस्था नभएकोले यस अदालतको नाममा निवेदकको माग दावीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंबाट यस अदालतमा परेको लिखितजवाफ।

## यस अदालतको आदेश

६. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदनसहितका मिसिल संलग्न कागजातहरु अध्ययन गरी निम्नबमोजिमको वहस सुनियो।

७. निवेदकको तर्फबाट उपस्थित् विद्वान् बरिष्ठ अधिवक्ताहरु श्री सुर्यप्रसाद कोइराला, श्री गोपालकृष्ण घिमिरे, डा. श्री चन्द्रकान्त ज्ञवाली र श्री सुनिलकुमार पोखरेल तथा विद्वान् अधिवक्ताहरु श्री अजयशंकर झा, श्री पंकजकुमार कर्ण, श्री सन्तोष कोईराला र श्री निशि चौधरीले मेरो पक्ष सरकारी कागज किर्ते गरी झुटा विवरण उल्लेख गरी नागरिकता तथा राहदानी बनाएको भन्ने आरोपमा करिव ३ बर्ष ३ महिनादेखि पुर्पक्षका लागी थुनामा रहेको छन। विपक्षी जिल्ला अदालतले कानूनले निर्धारण गरेको समायावधिभित्रमा फैसला गरी मेरो पक्षलाइ न्याय दिनुपर्नेमा संविधान प्रदत्त स्वच्छ सुनुवाईको सिद्धान्त विपरित कसुर ठहर भएमा हुन सक्ने सजायभन्दा बढि समय व्यतित भैसक्दा पनि कुनै परिणाममुखी कारबाही नै नगरी मुद्दा पुर्पक्षको नाउँमा अनिश्चित कालसम्म थुनामा राख्ने कार्य भएको, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ र ऐ. को दफा १३१ ले तोकिएको समय भित्र मुद्दाको फैसला गर्नुपर्ने गरि वाध्यकारी कानूनी व्यवस्था गरेको भएतापनि जिल्ला अदालतले उक्त ब्यवस्था अनुसार नगरेको कार्यले उक्त कार्यले नेपालको संविधानले प्रत्याभुत गरेको स्वतन्त्रताको हक र न्यायको हक तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ र ऐ. को

दफा १३१ र ने.का.प. २०७५, नि. नं. १०१०८ तथा ०७८-WH-०२७९, ०७७-RF-०००१ मा प्रतिपादित सिद्धान्त समेतको विपरित भएको हुँदा निवेदकलाई गैरकानूनी रुपमा थुनामा राखिएको हुँदा विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनामुक्त गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

८. नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुईंटेलले रिट निवेदक अबधलाल शाहलाई हुनसक्ने अधिकतम कैद अबधी बाँकि नै रहेको, मुद्दा हाल काठमाडौं जिल्ला अदालतमा बिचाराधिन रहेको, विधिवत रूपमा अभियोगपत्र दायर भई साधारण अधिकार क्षेत्रअन्तर्गत कानूनबमोजिम सक्षम अदालतले तहतह प्रमाणको मूल्याङ्कन गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको साथै निरन्तर रुपमा पटक पटक पेशी चढेको देखिन्छ। साथै यस अदालतको पुर्ण इजलासबाट ने. का. प. २०७५ नि. नं. १०१०८ मा "विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने" भनी ब्याख्या भएको हुँदा रिट निवेदक अबधलाल साहको थुना कानूनसम्मत भएकोले हाल रिट जारी हुनुपर्ने अवस्था नभएकोले निवेदकको रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

९. दुवै पक्षबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस सुनी यसमा निवेदकलाई गैरकानूनी रूपमा बन्दी बनाइएको हो वा होइन? निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. अब, निर्णयतर्फ विचार गर्दा, रिट निवेदक अवधलाल शाहले जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट एकै व्यक्तिको नाममा अंगिकृत र वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्रहरु लिई सोही नागरिकताको फरकफरक राहदानी बनाई नक्कली नागरिकता र राहदानीको आधारमा गैह्र कानूनी तवरले अबैध कारोवार गरेको भन्ने सूचनाको आधारमा मिति २०७६।०९।१५ गते निजको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २, गुसिंगालस्थित घर कोठा खानतलासी गर्दा निजले झुठ्ठा विवरण पेश गरी प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र, राहदानी तथा विदेशी मुद्रासमेत बरामद भएको घटनाको अनुसन्धानको लागि तत्काल निज रिट निवेदकलाई कानूनबमोजिम पक्राउ गरी प्राप्त हुन आएको बरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदनको आधारमा मुद्दा दर्ता भई काठमाडौं जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान कारबाही अघि बढेको देखिन्छ। अनुसन्धान कार्य सम्पन्न भएपश्चात यी रिट निवेदकको हकमा तत्कालिन मुलुकी ऐन किर्ते कागजको महलको १ नं. विरुद्धको कसूर कसूरमा सोहि महलको ७

नं. ९ नं. र १२ नं. बमोजिम सजाय गरिपाउन तथा नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा १ बमोजिमको कसूरमा सोही ऐनको दफा २१ को उपदफा १ बमोजिम सजाय गरिपाउन र राहदानी ऐन, २०२४ को दफा ५ को देहाय (ख) बमोजिमको कसूरमा सोही ऐनको दफा ५ देहाय (ख) बमोजिम सजाय गरी सोही ऐनको दफा ४ को उपदफा २ बमोजिम निजको राहदानी रद्ध गरिपाँउ साथै नागरिकता, राहदानी र सरकारी कागजात किर्ते जस्तो एकिकृत रुपमा कसुर गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) बमोजिम कसुरमा ऐ. को ४३(२) बमोजिम थप सजाय हुन मागदाबी लिई ०७६-C१-१२८४ नं. को नागरिकता सम्बन्धि कसूर, लिखत सम्बन्धी कसूर र राहदानी सम्बन्धी कसूर मुद्दा हाल यस अदालतमा विचाराधीन अवस्थामा रहेको छ। काठमाडौं जिल्ला अदालतको मिति २०७६।१०।१२ गतेको आदेश बमोजिम रिट निवेदक अबधलाल साह हाल पुर्पक्षको लागी थुनामा रहेको देखियो। यसरी यी रिट निवेदकले आफ्नो थुनालाइ गैरकानूनी भएको भन्ने जिकिर सहित यस अदालतमा रिट निवेदन लिई आएको देखियो।

११. निवेदकले कानूनले निर्धारण गरेको कार्यबिधिको अनुशरण गरी समय भित्र मुद्दाको सुनुवाई नभई पुर्पक्षको नाममा अनिश्चितकालको थुनामा राख्ने कार्य गैरकानूनी रहेको जिकिर लिएको छन र रिट निवेदनमा मलाई अधिकतम हुनसक्ने कैद १ बर्ष ६ महिना भएकोमा काठामाडौं जिल्ला अदालतको आदेश बमोजिम हाल ३ बर्ष ३ महिना देखि पुर्पक्षका लागी थुनामा रहेकोले मेरो थुना अवधि हुनसक्ने कैद भन्दा बढि भएकोले बैयक्तिक स्वतन्त्रताको हनन गरि गैरकानूनी थुनामा राखिएको भनी उल्लेख गरेको देखिन्छ। उक्त जिकिर तर्फ हेर्दा, वैयक्तिक स्वतन्त्रता मानिसको आधारभूत नैसर्गिक अधिकार भएको हुँदा बिना कुनै कारण त्यस्तो अधिकारबाट वञ्चित गर्ने कुरासँग कदापि सहमत हुन सकिदैन। नेपालको संविधानको धारा १७ मा "कानून बमोजिम बाहेक कुनै पनि ब्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन" भनो उल्लेख भएको र धारा २० मा न्याय सम्बन्धी हक अन्तर्गत उपधारा (४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरें वापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" र ऐ. को उपदफा (९) मा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। संविधानको सो व्यवस्था अनुरुप मुलुकी अपराध संहिता, २०७४ को दफा ७ मा कानूनबमोजिम बाहेक सजाय नहुने शिर्षकमा "कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकीएभन्दा बढी सजाय हुने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसैगरी, मुलुकी फौजदारी

कार्यविधी संहिता, २०७४ को दफा ७८ मा "अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन" भनी उल्लेख भएको देखिन्छ। माथी उल्लेखित संवैधानिक र कानूनी ब्यवस्था हेर्दा प्रत्येक नागरिकलाई बैयक्तिक स्वतन्त्रताको सुनिश्चितता गरिएको र कुनै पनि ब्यक्तिलाई कानूनले तोकिए भन्दा बढी कैद गर्न नसकिने **ब्यवस्था** रहेको देखिन्छ।

१२. यसैगरी नेपाल पक्ष राष्ट्र रहेको र सन्धी ऐन, २०४९ को दफा ९ अनुसार नेपालमा कानून सरह लागू रहेको International Covenant on Civil and Political Rights (ICCPR) को दफा ९(३) मा "Anyone arrested or detained on a criminal charge shall be brought promptly before a judge or other officer authorized by law to exercise judicial power and shall be entitled to trial within a reasonable time" भन्ने व्यवस्था गर्दै कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकारप्राप्त अधिकारीसमक्ष तुरुन्त उपस्थित गराइने र त्यस्तो व्यक्तिलाई मुनासिब समयभित्र सुनवाई गरिपाउने वा छुट्कारा पाउने अधिकारलाई पनि स्वच्छ सुनवाईको रुपमा प्रत्याभूत गरिएको छ।

१३. प्रस्तुत मुदामा निवेदक अबधलाल साह उपरको सजाय मागदाबी तर्फ विवेचना गर्दा तत्कालीन मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. विरुद्धको कसूर अपराध जसलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ ले समेत निरन्तरता दिएको छ, सो अपराधमा सोही किर्ते कागजको महलको ७, ९ र १२ नं. बमोजिम सजायको साथै नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (१) को कसूरमा सोही दफा २१ (१) बमोजिम सजाय, तत्कालिन राहदानी ऐन, २०२४ को दफा ५ को देहाय (ख) बमोजिमको कसूर जसलाई प्रचलित राहदानी ऐन, २०७३ को दफा २५ को देहाय (क) ले पनि कसूर मानेको छ, सो कसूरमा राहदानी ऐन, २०२४ को दफा ५ तथा राहदानी ऐन, २०७३ को दफा २२ बमोजिमसमेत सजाय गर्दै नागरिकता, राहदानी र सरकारी कागज किर्ते जस्तो एकीकृत रुपमा कसूर गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) बमोजिम एकीकृत कसूरमा दफा ४३(२) बमोजिम थप सजायको माग दावी लिइ अभियोगपत्र दायर भएको देखिन्छ। अभियोग पत्रमा उल्लिखित कानूनी ब्यवस्थाहरुमा अभियुक्तलाई हुनसक्ने सजायको सम्वन्धमा कानूनी ब्यवस्था हेर्न बाञ्छनिय देखियो।

१४. तत्कालीन मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. मा "हस्ताक्षर वा औंलाको ल्याप्चे सही निसाना र छाप इत्यादि झुठ्ठा बनाई गरी वा ऐनबमोजिम रीतपूर्वकको सहीछाप भइरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको बेहोरा कुनै तरकीवसँग उडाई अर्कै

मतलब निस्कने बेहोरा पारी मिलाई लेखे र एउटा कामलाई भनी सहीछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै बेहोराको लिखतमा लगाई वा अर्कै बेहोराको लिखत लेखे इत्यादि काम गरेकोबाट अर्काको जिउ धन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झुठ्ठा काम गर्ने मानिस आफैँलाई वा अरू कसैलाई फाइदा प्रमाण हुने गरी काम गरेको रहेछ भने त्यस्ता झुठ्ठा कागजबाट काम गरी भइसकेको हवस् वा नहवस् किर्ते गरेको ठहर्छ। त्यस्तो किर्ते गर्ने गराउनेलाई र जानी बुझी किर्ते कागजमा बस्ने साक्षी मतियारसमेतलाई बात लाग्छ।" सोही महलको ७ नं.मा "सम्पत्तिका सम्बन्धमा किर्ते गरी लिई खाइसकेको भए बिगो भराई बिगोबमोजिम जरिवाना हुन्छ। काम भइसकेको रहेनछ भने बिगोको आधी जरिवाना हुन्छ।" त्यसैगरी सोही महलको १२ नं. मा "सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज किर्ते गर्नेलाई यसै महलको अरू नम्बरले हुने सजायमा एक वर्ष र उसै अड्डाको कर्मचारीले किर्ते गरेमा दुई वर्ष थप कैद हुन्छ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१५. यसैगरी नागरिकता ऐन, २०६३ को दफा २१(१) मा "कुनै बिदेशीले नेपाली नागरिक भएको दाबी गरी झुठो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक बर्ष देखि पाँच बर्षसम्म कैद वा पचास हजार रुपैया देखि एक लाख रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ" भनी कानूनी व्यवस्था रहेको छ। यसैगरी, राहदानी ऐन, २०२४ को दफा ५ मा "कसैले झुठा बयान वा विवरण दिइ राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरित विदेश भ्रमण गरेमा वा गर्ने उद्योग गरेमा वा नेपाल सरकारले दिएको निर्देशनको पालना नगरेमा वा जुन उदेश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उदेश्यको लागि राहदानीको प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै काम कारवाही गरेमा निजलाई एकबर्षसम्म कैद वा पाँच सयसम्म सजाय हुनसक्नेछ" भन्ने कानूनी ब्यवस्था रहेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ (१) मा "कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ" र दफा ४३(२) मा "उपदफा (१) बमोजिमको एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा सबैभन्दा बढी सजाय हुने कसूर बापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूर बापतको सजायको आधा सजाय थप गरी सजाय गर्नु पर्नेछ" भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ।

१६. माथी उल्लिखित कानूनी ब्यवस्था हेर्दा यी रिट निवेदकलाई नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम पाँच बर्षसम्म कैद सजाय हुनसक्ने र उक्त कैद नै यी रिट निवेदकलाई हुनसक्ने अधिकतम कैद हुने देखिन्छ। साथै मुलुकी अपराध संहिता,

२०७४ को दफा ४३(२) बमोजिम अधिकतम सजायको आधा सजाय हुनसक्ने भएबाट निवेदकलाई हुनसक्ने अधिकतम सजाय पाँच बर्ष रहेकोले सो को आधा २ बर्ष ६ महिना समेत थप हुनसक्ने देखिन्छ। मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ७८ मा अधिकतम कैदको सजायको अवधी भनी उल्लेख भएको समेतबाट यी प्रतिबादी उपर काठमाडौं जिल्ला अदालतमा विचाराधिन रहेको मुद्दामा कसुर ठहर भएमा हुनसक्ने कैद अवधी भन्दा बढी अवधी पुर्पक्षको लागि थुनामा बसेको नदेखिएको साथै यी रिट निबेदकले उच्च अदालत र यस अदालतमा समेत थुनछेक आदेश उपर निवेदन दिएकोमा उक्त निवेदन उपर सुनुवाई हुदा उच्च अदालत, पाटनबाट मिति २०७७।११।२९ मा र सर्वोच्च अदालतबाट मिति २०७९।०७।१८ मा आदेश हुँदा काठमाडौं जिल्ला अदालतबाट भएको आदेश सदर हुने ठहर गरी आदेश भएको हुँदा निजको थुना गैरकानूनी रहेभएको देखिएन।

१७. यी रिट निवेदक अबधलाल शाहलाई हुनसक्ने अधिकतम कैद अबधी बाँकी नै रहेको भएतापनि अभियोगपत्र दायर भई अदालतले तहतह प्रमाणको मूल्याङ्कन गरी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको देखिन्छ। यसरी, निवेदक सक्षम अदालतले मुद्दाको सुनुवाई गर्ने सिलसिलामा थुनामा रहेको देखिएको, निजको थुनामा रहेको अवधी हुनसक्ने अधिकतम कैद भन्दा बढि नभएको साथै यस अदालतको पुर्ण इजलासबाट विजयराज तुलाधर विरुद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरण (ने. का. प. २०७५, नि. नं. १०१०८) मा "विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब नहुने" भनी ब्याख्या भईसकेको समेतबाट निवेदकको थुनालाई गैरकानूनी मान्न मिलेन।

१८. प्रस्तुत रिट निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने ठहरे तापनि प्रस्तुत रिट निवेदनमा अदालतबाट फैसला हुन ढिलाई भएको कारण संविधानको मौलिक हकको उल्लंघन भएकोसमेत भनी निवेदक यस अदालतको असाधारण अधिकार क्षेत्र गुहार्न आएको देखिन्छ। अभियोगपत्र अदालतमा दर्ता भएको करिव ३ बर्ष ३ महिनासम्म फैसला नभई मुद्दाको पुर्पक्षको लागी थुनामा रहेको देखिएबाट न्यायमा ढिलाई भएको बिषयमा यो इजलास गम्भिर छ। नेपालको संविधानले नै वैयक्तिक स्वतन्त्रता र स्वच्छ सुनुवाईको सिद्धान्त सुनिश्चित गरेको छ।

१९. नेपालको संविधानको लक्ष्य र उद्देश्य स्वच्छ सुनवाई पनि भएको भन्ने कुरा प्रस्तावनामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यता प्रति

पूर्ण प्रतिवद्ध रहने उल्लेख भएबाट स्पष्ट हुन्छ। यस संविधानको धारा १७(१) ले *"कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन"* भन्ने व्यवस्था गरेको देखिन्छ भने धारा १८(१) मा *"सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन"* भन्ने व्यवस्था, उपधारा (२) मा *"सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन"* भनी मौलिक हकहरु प्रत्याभूत गरिएको देखिन्छ। त्यस्तै, ऐ.धारा २० उपधारा (९) ले *"प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ"* भन्ने व्यवस्था गरेको देखिन्छ।

२०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ मा "पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्वन्धमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक बर्ष भित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाइ थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कार्वाही र किनारा गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको साथै ऐ. को दफा १३१ ले "मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया एक महिनाभित्र न्यायाधीसले मुद्दाको फैसला गर्नुपर्नेछ" भनी कानूनी व्यवस्था रहेको देखिन्छ।

२१. मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १० मा "Everyone is entitled in full equality to a fair and public hearing" भनि स्वच्छ सुनुवाईको हकको सवै व्यक्तिले पाउने कुराको सुनिश्चितता गरेको छ। International Covenant on Civil and Political Rights, 1966 (ICCPR) मा समेत समावेश भएको स्वच्छ सुनुवाईको हक कानूनी राज्यमा राज्य वा सरकारले खोस्ने वा कुनै अभियुक्तले यो हकबाट आफूलाई स्वेच्छाले पनि अक्षुण्ण राख्न पाउने अवधारणा रहेको पाइदैन। उक्त ICCPR को धारा १४(१) मा " All persons shall be equal before the courts and tribunals. In the determination of any criminal charge against him, or of his rights and obligations in a suit at law, everyone shall be entitled to a fair and public hearing by a competent, independent and impartial tribunal established by law." भन्ने व्यवस्था र धारा १४(३) मा रहेको अनुचित विलम्ब विना सुनुवाई गरी पाउने अधिकारले समेत मुद्दाको सुनुवाईमा स्वचछ सुनुवाई र उचीत कार्यविधि (Due Process) को मान्यतालाई आत्मसात गरेको पाइन्छ । न्यायमा पँहुचको सुनिश्चितताको अपरिहार्य आधारहरुमध्ये गुणात्मक न्याय प्रणाली (Good Qulality of Justice) एउटा बिषय हो, जसमा सक्षम, प्रभावकारी, निष्पक्ष र स्वतन्त्र न्याय पर्दछ (GR 25, CEDAW)। न्याय निरुपणको सम्वन्धमा कुनैपनि

कार्यविधी अपनाउदा उचित समय भित्र निर्णय गर्ने कुरालाई समेत गुणात्मक न्याय प्रणाली अन्तर्गत सुनिश्चितता गर्नुपर्दछ भन्ने कुरालाई Convention on the Elimination of all forms of Discrimination Against Women (CEDAW) को साधारण सिफारिश नं २५ ले व्यवस्था गरेको छ।

२२. यसैगरी, अमेरिकी सर्वोच्च अदालतले Barker vs. Wingo "Although a great many accused persons seek to put off the confrontation as long as possible, the right to a prompt inquiry into criminal charges is fundamental, and the duty of the charging authority is to provide a prompt trial." (407 U.S. 514(1972)) उल्लेख गर्दै मनासिव समय भित्र फैसला गर्नुपर्ने कुरालाई स्वच्छ सुनुवाइको हकको रुपमा स्थापित गरेको छ। भारतीय सर्वोच्च अदालतले पनि Machander vs. State of Hyderabad भएको मुद्दामा प्रतिवादी थुनामा रहेको ५ बर्ष को अबधीमा हुने अन्तिम फैसलाले न्याय प्रमाण नगर्ने भन्दै शुरु अदालतलाफ छिटो छरितो न्याय प्रदान गर्न आदेश दिएको देखिन्छ। उक्त आदेशमा भनिएको छ: "We are not prepared to keep persons on trial for their live and under indefinite suspense because trial judges omit to do their duty ... We have to draw a nice balance between conflicting rights and duties ... While it is incumbent on us to see that the guilty do not escape, it is even more necessary to see that the person accused of crimes are not indefinitely harassed ... While every reasonable latitude must be given to those concerned 'with the detection of crime and entrusted with administration of justice, but limits must be placed on the lengths to which they may go" (AIR 1955 SC 792).

२३. US vs. Provoo भएको मुद्दामा बन्दीप्रत्यक्षीकरण मुद्दामा अमेरिकी सर्वोच्च अदालतले "Provoo cannot have a fair trial at this late date, that he has been denied the right of speedy trial within the meaning of the Sixth Amendment, and that there have been unnecessary delays in indicting him and bringing him to trial. Further prosecution of the indictment would violate the fundamental principles of justice and fairness which we must apply even in the case of those charged with the most heinous offenses." (Petition of Provoo, 17 F.R.D. 183, 203 (D. Md. 1955) भनी उल्लेख भएको छ। उक्त मुद्दामा ढिला न्याय दिनु न्याय नदिनु सरह हुन्छ र मुद्दाको दायरामा ल्याउन ढिलाइ हुनु तथा थप अभियोजनले न्याय र निष्पक्षताका आधारभूत सिद्धान्तहरूलाई उल्लङ्घन गर्दछ भनी व्याख्या भएको देखिन्छ।

२४. माथी उल्लिखित संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था तथा विभिन्न देशका न्यायालयबाट प्रतिपादित सिद्धान्तहरु हेर्दा, न्याय सम्पादनको जिम्मेबारी बोकेको अदालत तथा न्यायिक निकायहरुले मुद्दाको फैसला गर्नुपर्ने समयावधी भित्र फैसला गर्नुपर्ने हुन्छ।

२५. स्वच्छ सुनुवाईको हकभित्र छिटो सुनुवाईको हक पनि पर्दछ। छिटो सुनुवाईको हक स्वच्छ सुनुवाइको मौका व्यक्तिको प्राकृतिक न्यायको अधिकार, मौलिक अधिकार तथा Due Process of law को सम्मानसँग जोडिएको विषय हो। प्रत्येक नागरिकको

छिटोछरितो न्यायको अधिकार (Right to speedy justice) व्यक्तिको मौलिक हक कै स्वरुप हो। तसर्थ छिटो न्याय प्रदान गर्ने राज्यको कर्तव्य हो। न्याय सम्पादनको लक्ष्य छिटो न्याय अर्थात Speedy Justice हो। Principle of Speedy Justice: Justice Delayed is Justice Denied' भन्ने न्यायको मान्य सिद्धान्त हो। उक्त सर्वमान्य विधिशास्त्रीय सिद्धान्तलाई आत्मसात् गर्दै मुद्दा हेर्ने निकायहरू कानूनले तोकेको अवधिभित्र मुद्दाको कामकारबाही अगाडि बढाई समयमा नै मुद्दाको टुङ्गो लगाई ढिलासुस्ती हुन नदिनेतर्फ सदैव सचेत हुनुपर्छ। न्याय ढिलो हुनुहुँदैन, न्याय ढिलो हुँदा मुद्दाको पक्षहरूले न्याय प्राप्त गर्न सक्दैनन र न्याय पाइ हाले पनि ठूलो खर्च र ठूलो कष्टका साथ मात्र न्याय प्राप्त हुनजान्छ। उचित समयभित्र निर्णय नहुनुको अर्थ स्वच्छ र उचित सुनुवाईको संविधानप्रदत्त धारा २०(९) को प्रतिकुल हुने देखिन्छ। छिटो सुनुवाई व्यक्तिको जीवनको अधिकार (धारा १६) र स्वतन्त्रताको अधिकार (धारा १७) सँग पनि जोडिएको महत्वपुर्ण मौलिक अधिकार हो। राज्य मौलिक अधिकारको संरक्षक भएकोले राज्यले सदैव कुनै पनि मुद्दामा हुने अनुचित ढिलाईलाई रोक्नुपर्दछ। अनिश्चित ढिलाईको परिणाम न्यायमा गम्भिर विचलन (Miscarriage of Justice) मान्नुपर्दछ।

२६. यस रिट निवेदनमा उल्लेख भए अनुसार काठमाडौं जिल्ला अदालतमा बिचाराधिन रहेको यी रिट निवेदक अबधलाल साहसमेत प्रतिवादी रहेको नागरिकता सम्वन्धी कसुर, लिखत सम्वन्धी कसुर र राहदानी सम्वन्धी कसुर मुद्दामा धेरै प्रतिवादी रहेकोमा केहि प्रतिवादी फरार रहेको कारणबाट फैसला कार्यमा ढिलाई भएको देखियो। यी रिट निवेदक मिति २०७६।०९।१५ गते पक्राउ परेको देखिन्छ। अन्य फरार प्रतिवादीहरुलाई पहिलो पटक मिति २०७६।११।१४ गते काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको भएतापनि हालसम्म तामेल हुन सकेको देखिदैन। मिति २०७७।०४।१३ मा काठमाडौं जिल्ला अदालतले पहिलोपटक प्रतिवादीको नागरिकताको अनुसुची फारमहरु परिक्षण प्रयोजनार्थ प्रहरी प्रधान कार्यालय पठाएको देखिन्छ। मिति २०७७।०७।२७ देखि पेशी समेत चढ्न थालेको र फरार रहेको प्रतिवादीहरुलाई म्याद तामेलीको प्रक्रियामा रहेको देखियो। मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा ७७ मा "पुर्पक्षको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्वन्धमा प्रमाण बुझ्न पहिलो पटक तारिख तोकिएको मितिले एक बर्ष भित्र मुद्दाको किनारा हुन नसकेमा त्यस्तो अभियुक्तलाइ थुनामा राखिएको भए धरौटी वा जमानत लिई मुद्दाको कार्वाही र किनारा गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको छ। पक्राउ परेको मितिबाट हालसम्म रिट निवेदक थुनामा रहेको देखिएको र कानूनले पनि छिटो सुनूवाई हुनुलाई आरोपीको हकको रुपमा सुनिश्चित गरेको सन्दर्भमा अन्य प्रतिवादी फरार रहेको भन्ने आधारमा अनिश्चितकालसम्म रिट निवेदकको मुद्दाको सुनुवाई प्रक्रिया लम्ब्याइ

थुनामा राख्न मिल्ने देखिएन। न्याय ढिलो हुनुको अर्थ प्रभावकारी उपचार नहुनु अर्थात न्याय नहुनु नै हो। न्याय प्रक्रिया अरुको कारणले ढिलाई भएकोमा जो न्याय प्रक्रियामा सामेल छ, उस्लाई सो कारण अन्यायमा पार्नु अर्थात लामो समय थुनामा राख्नु स्वच्छ सुनुवाईको बिरुद्ध मान्नुपर्ने हुन्छ। कानूनले नै प्रमाण बुझ्ने आदेश भएको एक बर्ष भित्र फैसला गर्न वा धरौटीमा छाड्न सक्ने ब्यवस्था गरेको देखिन्छ। तसर्थ, फरार प्रतिवादीको हकमा कानूनबमोजिम जो जे गर्नुपर्ने हो गरी रिट निवेदक प्रतिवादी अबधलाल शाहको हकमा ३ (तिन) महिना भित्र निर्णय गर्नू भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी गरिदिएको छ।

२७. प्रस्तुत आदेशको जानकारी काठमाडौं जिल्ला अदालतलाई दिई यस रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

सपना प्रधान मल्ल

न्यायाधीश

उक्त रायमा म सहमत छु।

तिल प्रसाद श्रेष्ठ

न्यायाधीश

इजलास अधिकृत(उपसचिव): नारायणप्रसाद चापागाई/ निराजन शर्मा

टाईप गर्ने : चन्द्राबती तिमल्सेना

ईति सम्वत् २०८० साल जेठ १४ गते रोज १ शुभम् ................................।